# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, कात्तिक १८ गते २०४८ साल (संख्या २९

## भाग ३

श्री ५ को सरकार

रक्षा मन्त्रालयको

सूचना १

सैनिक बिदा (तेस्रो संशोधन) नियमहरू, २०४८

सैनिक बिदा नियमहरू, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः यो नियमहरूको नाम "सैनिक बिदा (तेस्रो संशोधन) नियमहरू, २०४८" रहेको छ ।

(२) यो नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. सैनिक बिदा नियमहरू, २०१९ को नियम ५ मा संशोधनः सैनिक बिदा नियमहरू, २०१९ को नियम ५ को उप-नियम (५) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः–

"तर एकसय बीस दिन भन्दा बढी बिदा सञ्चित हुने शाही नेपाली सेनाको व्यक्तिले सो बढी बिदामध्ये प्रत्येक वर्षको चैत्र मसान्तसम्म सञ्चित रहेको घरबिदा मध्येबाट तीस दिनसम्मको घरबिदा वापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको तलबको दरले हुन आउने रकम सोही आर्थिक वर्षको अन्त्यसम्ममा एकमुष्ट लिन यस उप-नियमले बन्देज लगाएको मानिने छैन ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

### शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) (आठौं संशोधन) नियमावली, २०४८

शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "शाही नेपाली सेना (निवृत्त-भरण, उपदान र अन्य सुविधा) (आठौं संशोधन) नियमावली, २०४८" रहेको छ ।

(२) यो नियमावली २०४८ साल वैशाख १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ को नियम ७ मा संशोधन: शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ को नियम ७ को उप-नियम (३क) को सट्टा देहायको उप-नियम (३क) राखिएको छ:–

"(३क) सैनिक जवानको विधुर पति वा विधवा पत्नीले पति वा पत्नी नोकरीमा छँदै वा निवृत्तभरण पाउन थालेको सातवर्ष नपुग्दै मृत्यु भई उप-नियम (२) र (३) बमोजिम पारिवारीक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण पाउने नभएमा वा निजको पति वा पत्नीले निवृत्त-भरण पाउन थालेको सातवर्ष व्यतीत भइसकेपछि मृत्यु भएकोमा निज सैनिक जवानको मृत्यु भएको मितिदेखि जीवनभर निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।

तर यस नियम बमोजिम निवृत्तभरण पाइरहेको सैनिक जवानले दोहोरो निवृत्त-भरण पाउने छैन ।"

आज्ञाले,<br>
रमेशजंग थापा<br>
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी श्री शान्ति नमूना माध्यमिक विद्यालय मणिग्राम रूपन्देहीका नाउँमा दर्ता भएको देहायबमोजिमको जग्गा देहायको शर्त पालना गर्ने गरी हदबन्दीमा छूट दिएको छ ।

हदबन्दीमा छूट दिएका जग्गाः– रूपन्देही आनन्दवन वडा नं. १ क को कि.नं. ९८ को ज.बि. ३–०–०, ऐ कि.नं. ९९ को ज.बि. ०–१९–१०, ऐ कि.नं. १०० को ज.बि. २–९–१५, ऐ कि.नं. १०१ को ज.बि. ३–९–१५, ऐ कि.नं. १०२ को ज.बि. २–९–१३, ऐ कि.नं. १०३ को ज.बि. १–१–०, ऐ कि.नं. १०४ को ज.बि. २–५–१०, ऐ कि.नं. १०५ को ज.बि. ३–१९–३, ऐ कि.नं. १०६ को २–११–१२, वडा नं. १ क कि.नं. १०७ को ज बि. १–६–१५, ऐ कि.नं. १०८ को ज.बि. १–१०–५, ऐ कि.नं. १०९ को ज.बि. २–९–१७, वडा नं. ४।क कि.नं ५७ को ज.बि. ०–१५–९, वडा नं. ४ ख कि.नं. ७६ को ज.बि. ४–१७–१८$\frac{३}{४}$, वडा नं.४ क कि.नं. ५५ को ज.बि. ०–११–० तथा रूपन्देही करहिया वडा नं. ८ ख कि.नं.९० को ज.बि. १–१–०, ऐ कि.नं. ९२ को ज.बि. ०–१८–० र कि.नं. ९१ को ज.बि. २–१०–० समेत जम्मा १८ अठार कित्ताहरूको जम्मा जग्गा बिगाहा ३८–६–२$\frac{३}{४}$ अठतीस बिगाहा छ कट्ठा पौने तीन धुर ।

पालना गर्नु पर्ने शर्तहरूः

(१) उपरोक्त बमोजिमको जग्गामा उक्त विद्यालयको काममा रहेसम्मको लागि हदबन्दी छूट दिइएको छ ।

(२) उक्त विद्यालयले उल्लेखित जग्गा श्री ५ को सरकारको पूर्व स्वीकृति बिना कुनै पनि व्यहोराले कसैलाई पनि हक हस्तान्तरण गर्न पाउने छैन ।

आज्ञाले,
विश्वमान श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६९

### श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन,२०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं नगरपालिकाले चीनको जियाङजी ट्याक्टर वर्क्सबाट खरिद गरेको अमेरिकी डलर २८८९०.५० मूल्य बराबरका ट्याक्टरका पार्टपूर्जाहरूमा लाग्ने अतिरिक्त भन्सार महसूल एवं बिक्रीकर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी वीर अस्पतालको लागी जर्मन-नेपाल हेल्थ एशोसिएशनबाट उपहारस्वरूप प्राप्त भा. रू. ६०,१००।– र जर्मन मार्क (डि.एम.) ९२,४९३।०६ मूल्य बराबरका स्वास्थोपचार सम्बन्धी यन्त्र, उपकरण र सरसामानमा लाग्ने भन्सार महसूल एवं बिक्रीकर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

### सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी वीर अस्पतालको लागि जर्मन निवासी विटमोगले उपहारस्वरूप दिने डि. एम. ३६,५०० मूल्य बराबरका विभिन्न औषधी र उपचारका सामानहरू, जर्मन निवासी नागोमा नाकायुराले उपलब्ध गराउने जा. यान ५,००० र ई. पी. हफम्यानले उपलब्ध गराउने यू.एस डलर १३७६.५० मूल्य बराबरको उपचार उपकरण समेतको आयातमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
उप-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।